# वन क्षेत्रको लैङ्गिक मूल प्रवाहिकरण र सामाजिक न्याय सम्बन्धी दृष्टिकोण

——— प्रेम कँडेल

## भूमिका

सहस्राब्दी विकास लक्ष सन् २००० मा महिला स्वास्थ्य, शिक्षा, सहभागिता साथै पिछडिएका वर्ग र समुदायलाई सामाजिक न्यायको आधारमा विकासको प्रतिफल पुऱ्याउने उद्धेश्य रहेको छ । सहस्राब्दी विकास लक्ष्यको अवधारणालाई सम्मान गर्न नेपालको चालू पञ्चवर्षीय योजनाले गरिबी निवारणको एक मात्र मुख्य उद्देश्य पूरा गर्न तय गरेका ४ ओटा रणनीतिहरूमध्ये एउटा 'लक्षित वर्ग' तोकि महिला, दलित, जनजाति पिछडिएका वर्ग र क्षेत्रलाई सामाजिक न्यायको माध्यमवाट विकासको मूल प्रवाहमा ल्याउने उद्देश्य राखेको छ । प्रस्तुत सन्दर्भमा लैङ्गिक मूल प्रवाहिकरण के हो ? क्षेत्रगत विकास जस्तै वन क्षेत्रले यो सवाललाई कसरी सम्बोधन गर्दैछ ? यस सम्वन्धमा वन तथा भू-संरक्षण मन्त्रालयको दृष्टिकोण के हो ? भन्नेबारे छलफल गर्नु वान्छनीय ठानिएको छ ।

## लैङ्गिक मूल प्रवाहिकरण के हो ?

लैङ्गिक भनेको महिला र पुरूषको बीचमा हुने सामाजिक, कानुनी, संस्थागत एवं आर्थिक विभेदहरू हुन् । त्यसैले लैङ्गिक भन्ने वित्तिकै महिला भन्ने भ्रम राख्नु हुँदैन । यो त महिला र पुरूष बीचको समबन्ध हो र भिन्नता हो जुन संस्कृति, धर्म, कानुन र संस्थाले बनाएको हुन्छ ।

तर नेपाल जस्तै विकासोन्मुख मुलुकहरूमा महिलालाई त्यहाँका कानुन, संस्था र समाजले पुरूषलाई सरह समानता, सहभागिता र अवसरहरू प्रदान गरेका छैनन् । फलस्वरूप आधा आकाश ओगटेको महिलाको विकासमा योगदान न्यून छ र विकासले गति लिन सकेको छैन ।

त्यसैले अहिलेको सरोकार भनेको महिलालाई कसरी कानुनी समानता दिने, संस्थागत अवसरहरू वृद्धि गर्ने, र सामाजिक रूढिवादको अन्त्य गर्दै महिलालाई विकासको मूलप्रवाहमा सामेल गर्ने भन्ने रहेको छ । लैङ्गिक मूल प्रवाहिकरण भनेको विकासको मूलप्रवाहमा रहेको लैङ्गिक विभेद अन्त गरी महिलाहरूलाई समेत सामेल गर्दै जाने भन्ने बुझिन्छ ।

## हाम्रो सन्दर्भमा लैङ्गिक मुद्धा किन ?

अघिनै भनियो कि समाज, संस्था र कानुनले महिलामाथि विभेद गरेको छ । नेपालका धेरै कानुनहरूमा महिला र पुरुषबीच फरक-फरक प्रावधान छन् जसले फेरि पनि महिला माथि अन्याय गरेको छ । नेपालको मूल कानुन 'नेपाल अधिराज्यको संविधान २०४७' ले नवजात बच्चा नेपाली नागरिक हुन उसको आमा नेपाली भएर पुग्दैन, उसको बावु नेपाली हुनुपर्ने प्रावधान राखेको छ । राष्ट्रको नीति निमार्णमा टेवा पुऱ्याउने, योजना तर्जुमा गर्ने र लागू गर्ने निजामती सेवामा महिला सहभागिता ८.५५% छ र त्यसमा पनि नीति निर्माण तहमा २% मात्र रहेको छ । कृषि प्रधान देश नेपालको कृषि पेसामा महिलाको ज्यामी रूपमा ९०.५% सहभागिता रहेपनि भूमिमाथि १०.८३% मात्र महिलाको स्वामित्व छ (दशौ पञ्चवर्षीय योजना, २००२) ।

नेपालको वन सङ्गठनमा ३% महिला छन् । सामुदायिक वन, कबुलियती वन, मध्यवर्ती क्षेत्र व्यवस्थापन, भू तथा जलाधार संरक्षण जस्ता समुदायमा आधारित वन कार्यक्रमहरूको निणर्य तहमा महिला सहभागिता औसत १०% भन्दा कमै छ । त्यसैले समग्र नेपालको विकास सम्वन्धी पहलहरूमा र वन विकासको क्षेत्रमा संस्थागत, कानुन र सामाजिक सुधारहरू गरी महिलाहरूको पहुँच बढाउनु पर्ने देखिन्छ ।

**वन क्षेत्रको लैङ्गिक दृष्टिकोण के हो ?**

लैङ्गिक र सामाजिक समानता अन्तरक्षेत्र सम्बन्धित विषय भएको हुनाले सबै क्षेत्रको साझा प्रयास आवश्यक छ । नेपाल अधिराज्यको ३९.६% क्षेत्रफल ओगटेको वनक्षेत्रमा यो सवाललाई कसरी समाहित गर्ने ? हामीले वन क्षेत्रमा कस्तो लैङ्गिक विकास हेर्न चाहन्छौं ? वन क्षेत्रमा मौजुदा वस्तुस्थिति कस्तो छ र लैङ्गिक समानता र सामाजिक न्यायको पक्षमा हामीले परिवर्तन गर्नु पर्ने क्षेत्रहरू के के हुन सक्छन् ? यी सवालहरूको वारेमा निरूपण गर्न वन तथा भू-संरक्षण मन्त्रालयको समन्वय र संयोजकत्वमा “लैङ्गिक समानता र सामाजिक न्याय” नामक एक कार्यदल गठन भई कार्य प्रारम्भ गरिसकेको छ । उल्लेखित कार्यदलमा, राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, वन क्षेत्रमा कार्यरत दातृ संस्थाहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समेत सहभागिता रहेको छ ।

यसै कार्यदलले सरोकारवालाहरूसँगको व्यापक छलफल, अन्तरक्रिया र गोष्ठी मार्फत आगामी १५ वर्ष (वि.सं. २०७६) पछि नेपालको वन क्षेत्रको लैङ्गिक र सामाजिक समानताको अवस्था कस्तो हुने भन्ने सम्वन्धमा दृष्टिकोण तय गरेको छ ।

1. वन क्षेत्रको १५ वर्षे लैङ्गिक दृष्टिकोणले महिला मात्र नभएर सामाजिक रूपमा पिछडिएका दलित जनजाति र गरिबहरूलाई समेत समेटेको छ । उक्त दृष्टिकोणमा उल्लेख भएका सारतत्व निम्नानुसार प्रस्तुत गरिएको छः

   - वन तथा भू-संरक्षण मन्त्रालय लैङ्गिक र सामाजिक समानतामा आधारित सङ्गठन हुनेछ,
   - सुशासनको माध्यमबाट महिला, दलित, जनजाति र गरिबहरूको वनस्रोत माथि यथोचित पहुँच र निर्णय गर्ने सबै तहहरूमा उनीहरूको प्रभावकारी सहभागिता रहने छ ।

   यसरी उक्त दृष्टिकोणले महिला, दलित र पिछडिएका वर्गहरूको वनका सङ्गठनहरूमा संस्थागत सहभागिता र नीतिगत समानताबाट वन क्षेत्रको मूल प्रवाहमा आउने परिकल्पना गरेको छ ।

2. दृष्टिकोण पूरा गर्न परिवर्तन गर्नुपर्ने क्षेत्रहरू, वन क्षेत्रको लैङ्गिक दृष्टिकोणले यो मुद्धालाई कता लाने भन्ने भविष्यको दिशा निर्धारण गर्ने हो । गन्तव्यमा पुग्न नीति, संरचना र पद्धतिमा परिवर्तन तथा रूपान्तरण गर्नु पर्ने हुन्छ । लैङ्गिक समानता र सामाजिक न्याय कार्यदलले वन क्षेत्रको दृष्टिकोण पूरा गर्न निम्न ४ क्षेत्रहरूमा परिवर्तन गर्नु पर्ने औंल्याएको छ ।

   - महिला, दलित र जनजातिको स्रोतमाथि पहुँच र लाभांशको न्यायोचित वितरण,
   - न्यायोचित सुशासन,
   - न्यायोचित सङ्गठन र कार्यक्रमहरू,
   - न्यायोचित नीति र रणनीतिहरू ।

यसरी परिवर्तन गर्नुपर्ने क्षेत्रहरूमा महिला, दलित र पिछडिएका वर्गहरूलाई सङ्गठनात्मक सुधार र नीतिगत परिमार्जन मार्फत सकारात्मक विभेद गरी वनक्षेत्रको स्रोत माथि न्यायोचित पहुँच र सहभागिता बढाउनु पर्दछ।

**अब के गर्ने ?**

उल्लेखित १५ वर्षे दृष्टिकोण र परिवर्तन गर्नु पर्ने क्षेत्रहरूवाट भविष्यमा लैङ्गिक तथा सामाजिक न्यायको मुद्दालाई दिशा निर्दिष्ट मात्र भएको छ । तर ती परिकल्पनाहरूलाई कार्यान्वयनमा रूपान्तरण गर्न यस सम्बन्धी रणनीतिहरू तयार गर्ने, नीति निर्देशिकाहरूमा सुधारात्मक पक्षहरूलाई समावेश गर्ने आदि कामहरू बाँकि छन् । लैङ्गिक तथा सामाजिक न्यायको पक्षमा सबै तहमा क्रियाकलापहरू तय गर्ने सूचाङ्कहरू तर्जुमा गर्नुका साथै १५ वर्षे दृष्टिकोणलाई साकार पार्न सबै सरोकारवालाहरूको निरन्तर सहकार्य, सहयोग र प्रतिवद्धताको आवश्यकता छ।

सन्दर्भ सामग्री

HMG/N. 2002. Tenth Five Year–Plan, National Planning Commission, Kathmandu, Nepal.

(लेखक वन अनुसन्धान तथा सर्वेक्षण विभागका उप सचिव हुनुहुन्छ।)